# राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम

## राप्ती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल**

**सभाध्यक्षज्यू,**

नेपालको संविधानको जगमा खडा भएको स्थानीय सरकार, त्यो हजारौं महान शहिदहरुको बलिदान, वेपत्ता, घाइते योद्धाहरु, लाखौ कर्मवीरहरुको त्याग, तपस्या र संघर्षको परिणाम हो । म सबैभन्दा पहिला उहाँहरु प्रति कृतज्ञता र उहाँहरुको सङ्कल्प प्रति सम्मान व्यक्त गर्दछु । हामी उहाँहरुको बलिदानले बाँधिएकाछौं । उहाँहरुको सङ्कल्पले हामीलाई डगमगाउन र विचलित हुन दिनेछैन ।
यस गरिमामय सभाका सदस्यहरु म निषेध, अपमान र प्रतिशोध हैन, सहमती, सहकार्य र आपसी विश्वासको राजनीतिक संस्कारलाई अघि बढाउन प्रतिवद्ध छु । संवेदनशील क्षणहरुमा हामी सबै एकै ठाउँमा उभिएमा मात्र राप्ती गाउँपालिका अगाडि बढ्नेमा म विश्वस्त छु ।
देश अहिले वित्तीय संकटमा रहेको छ । आर्थिक सूचकाङ्क सकरात्मक छैनन्, त्यसको  असर स्थानीय सरकारमा देखापर्नु स्वभाविक हो । राप्ती गाउँपालिका अध्यक्षको रुपमा मेरो अहम जिम्मेवारी हुनेछ  । निरपेक्ष गरिबीमा रहेका नागरिकलाई  निःशुल्क विद्यालय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न हामी सबै शक्तिहरुको गहन दायित्व रहन्छ । सयौं युवालाई राप्ती कै माटोमा आत्मसम्मानको जीवन दिन पनि हामी बीच सहकार्य हुनै पर्दछ ।  अध्यक्षको यो कार्यकाल इमान्दारिताकासाथ सम्पन्न गर्न चाहन्छु ।

हामी राजनीतिककर्मी राष्ट्र निर्माणमा कहिँ न कहिँ चुकेकाछौ । त्यसो हुन्नथ्यो भने शिक्षा र स्वास्थ्य क्षेत्र राज्यको नियन्त्रणबाट बाहिर जाने थिएन । यो सम्मानित सभालाई भन्नै पर्छ हामी आर्थिक अनुकूलतामा छैनौ । विश्व अर्थ व्यवस्थामा परेको दवावबाट हामी पनि प्रभावित भएकाछौं । यसै सन्दर्भमा प्रशासनिक खर्चमा मितव्ययिता, बजेटमा अनुशासन, सार्वजनिक खर्चको उपलब्धी र उत्पादकत्व वृद्धि र आन्तरिक स्रोतको खोजी गरी राजश्व सङ्कलन स्थानीय सरकारको प्राथमिकता हुनेछ । कर सहभागीता, परिपालना बढाउन प्रवर्धनात्मक कार्यक्रममा जोडदिइने छ । राष्ट्रिय पुँजीको विकास र आर्थिक आत्म निर्भरताका लागि स्वदेशी उत्पादनमा जोडदिनु स्थानीय सरकारको प्राथमिकता हुनेछ । स्वदेशी तथा स्थानीय कच्चा पर्दाथमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुहरुको उत्पादनमा जोड दिइनेछ र स्वरोजगार हुने क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।
गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधताका बीच सन्तुलित र समन्यायिक विकास गर्न दृढता प्रकट गर्दछु । नेपालको संविधान, संघ तथा प्रदेशका कानूनहरु, संघीय तथा प्रादेशिक आवधिक योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत नीति तथा गुरुयोजनाहरु, गाउँपालिकाको आवधिक योजना र क्षेत्रगत नीतिहरु, जनप्रतिनिधि, विभिन्न राजनीतिक नेतृत्व, सरोकारवाला, संघसंस्था, गैर सरकारी संस्था लगायत विभिन्न पक्षहरुसँग भएको परामर्श, राय, सुझाव र दुई वर्षको कार्यानुभवको आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगारी, उद्यमशीलतालाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।
आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि **" समृद्ध राप्ती, सुखी र खुसी  राप्तीवासी"** भन्ने मूल ध्ययेकासाथ निम्नानुसारको नीति तथा कार्यक्रम सम्मानीत सभा समक्ष पेश गर्दछु ।

**सामाजिक विकास क्षेत्र**

**शिक्षा, युवा तथा खेलकुद क्षेत्रको नीति**

१. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास शिक्षादेखि दश कक्षासम्म निःशुल्क शिक्षाका लागि भर्ना शुल्क, मासिक पढाई शुल्क तथा पाठ्यपुस्तक शुल्क नलिने कार्यलाई निरन्तरता दिइनेछ । निःशुल्क शिक्षाका लागि विद्यालयलाई अनुदान प्रदान गरिनेछ ।
२. विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्ने नीतिको कार्यान्वयन गरिनेछ ।

३. संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा Big School निर्माण तथा सञ्चालनको कार्यलाई प्राथमिकता दिइनेछ। सामुदायिक विद्यालयहरुको चल अचल सम्पतीको अभिलेख व्यवस्थापन, संरक्षणको नीति अवलम्बन गरिनेछ।

४. सामुदायिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक,छात्रवृत्ति, छात्राहरुका लागि सेनिटरीप्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गरिनेछ।

५. विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा बालमैत्री, अपाङ्गतामैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

६. सामुदायिक विद्यालयमा प्रविधिमैत्री कक्षाकोठा, शैक्षिक, बाल विकास, संगीत तथा डिजिटल सामग्रीहरुको व्यवस्थापन गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ। शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

७. सामुदायिक विद्यालयहरुमा सम्बन्धित तहको स्वीकृत दरबन्दीको प्राधानाध्यापकको व्यवस्थासहित दरबन्दी तथा अनुदान पुनर्वितरणको कार्यलाई निरन्तरता दिइनेछ। शिक्षकहरुको तत्काल थप दायित्व सिर्जना गरी अनुदान उपलब्ध गराइनेछैन।

८. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई शिक्षासँग सम्बन्धित तथा प्रचलित कानूनले निर्धारण गरेका विषय बाहेक अन्य संघसंस्था, समितिमा आवद्ध हुने कार्यलाई रोक्ने नीति अबलम्बन गरिनेछ।

९. विद्यालयहरुको प्रभावकारी रुपमा संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, वडा तहबाट सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र पेशागत सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

**१०.** विद्यार्थी,युवा तथा खेलाडीहरुको लागि सहयोग, सम्मान, परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ। स्काउट, रेडक्रस, NCC कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ। साथै पालिकास्तरमा युवा तथा खेलकुद समिति गठन गरिनेछ।

**११.** अति विपन्न,विपन्न दलित, अभिभावक गुमाएका, द्वन्द पीडित,घाइते अपाङ्गता भएका, वेपत्ता परिवार,मुक्त कमैयाका बालबालिका,मुक्त कमलरी, सहिद परिवारका बालबालिका,पारिवारिक विचलनमा परेका बालबालिकाहरुलाई पोशाक तथा स्टेशनरी उपलब्ध गराईनेछ।

**१२.** संस्थागत विद्यालयहरुको पालिकाबाट नियमन र अनुगमन गरी संस्थागत विद्यालयबाट लिने शुल्क तथा प्रदान गरिने छात्रवृत्तीलाई व्यवस्थित गरिनेछ।

**१३.** आधारभुत तह तथा माध्यमिक तहको परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ। तोकिएको नतिजाका आधारमा शिक्षक सम्मान र प्रोत्साहन गरिनेछ।

**१४.** उच्च शिक्षा तर्फ प्राविधिक धारको शिक्षा सञ्चालन गर्न विश्वविद्यालयहरुसँग पहल गरिनेछ।

**१५.** राप्ती गाउँपालिकाको युवा नीति निर्माण गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीति**

१६. आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक, प्रबर्धनात्मक, प्रतिकारात्मक, पुनस्थापनात्मक तथा प्रशामक स्याहार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७. वडास्तरमा ६८ वर्ष भन्दा माथिका जेष्ठ नागरिक,अशक्त बेसाहारा नागरिकहरुलाई स्थलगत रुपमा घुम्ती विशेषज्ञ शिविर सञ्चालन गरिनेछ। ८० वर्ष माथिका जेष्ठ नागरिक तथा बेसाहारा,अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरु, गर्भवती तथा प्रसुति सेवाका लागि गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थासम्म पुग्न निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८. संस्थागत प्रसुति, सरुवा रोग नियन्त्रण, नसर्ने रोगको रोकथाम सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. परिवार नियोजन, पोषण, खोप, मानसिक स्वास्थ्य परामर्शका साथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विद्यालयका बालबालिकाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै सरकारी,गैरसरकारी तथा निजी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन तथा नियमन गरिनेछ।

२०.आयुर्वेद, योग, प्राकृतिक, वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२१.स्वास्थ्यकर्मी,महिला स्वास्थ्य स्वयंसेवीका, आमा समूहको परिचालन प्रभावकारी रुपमा गरी प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। नीजिस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको प्रचलित ऐन नियम अनुसार कार्यविधि बनाई संस्था दर्ता तथा नविकरण गर्ने कार्य गरिनेछ।

२२. आगामी आर्थिक वर्षमा भालुवाङ अस्पतालबाट विशेषज्ञ सेवा सञ्चालनका लागि प्रदेश सरकारसँग पहल गरिनेछ। राप्ती आधारभूत अस्पतालमा विशेषज्ञ सेवा सञ्चालनमा ल्याइनेछ।

२३.प्रतिजैविक प्रतिरोध न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन, सेवन, विक्रि, वितरण कार्यलाई कार्यविधि बनाई नियमन गरिनेछ। नागरिक बचाउन अक्सिजन अभियान सञ्चालन गरिनेछ।

२४.लागु पदार्थ सेवन गरी कुलतमा परेका अति विपन्न किशोरकिशोरीलाई परिवार तथा गाउँपालिकाको सहकार्यमा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

**महिला,बालबालिका ,ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति ,लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति**

२५.लैङ्गीक समानता, समता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, महिला,अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२६.कुप्रथा, बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा, घरेलुहिंसा, लैङ्गिकहिंसा,जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदको न्यूनिकरणका कार्यक्रम गरिनेछ।

२७.परिवार विहिन बेसहारा तथा जेष्ठ नागरिकलाई संरक्षणको नीति अवलम्बन गरिनेछ।

२८.थारु,मगर, गुरुङ्, दलित समुदाय लक्षित गरी परम्परागत पेशा र सीपलाई संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२९.भूमीहिन, सुकुम्बासी, मुक्त कमैया, कमलरी, अव्यवस्थित बसोबासीका लागि आगामी आर्थिक वर्षमा जग्गाको लालपूर्जा वितरणको काम अगाडि बढाईनेछ तथा सीपयुक्त आयमूलक कार्यक्रम तथा मुक्त कमैयाको पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ। छुट कमैयाहरुको लगत सङ्कलन गरी परिचयपत्र उपलब्ध गराइनेछ।

३०.जनयुद्ध, जनआन्दोल, मधेश आन्दोलन तथा थरुहट आन्दोलनको क्रममा सहिद, बेपत्ता,घाइते, अपाङ्गता भएका परिवारका सदस्य र द्धन्द पीडितका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३१.राप्ती गाउँपालिकाभित्र रहेका सरकारी, प्रति ऐलानी, बाँझो जग्गाको अतिक्रमण रोक्न लगत संकल्न गरी संरक्षण गरिनेछ।

३२.बालमैत्री गाउँपालिका घोषणाका लागि सम्भाव्यता र प्राथमिकताका आधारमा बालमैत्री वडा घोषणा कार्यक्रम अगाडी बढाइनेछ।

३३.सहयोगापेक्षी सडक मानवमुक्त गाउँपालिका अभियानलाई निरन्तरता दिइनेछ।

**खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीति**

३४.खानेपानी तथा सरसफाईको सुनिश्चितता गर्न प्रवर्धनात्मक, संरचनात्मक र उपचारात्मक पद्धतिको अवलम्बन गरिनेछ।

३५. सरसफाई केन्द्रलाई आधुनिक प्रविधियुक्त बनाई शून्य फोहोरको अवधारणामा सञ्चालन गरिनेछ। सरसफाई रनिङशिल्ड कार्यक्रम सञ्चालन गरिनेछ।

३६. सबै घरधुरीले उपयोग गर्ने खानेपानीको स्वच्छता परीक्षण गरी स्वच्छता अभिवृद्धिका उपाय अवलम्बन गरिनेछ।

३७. गाउँपालिकाभित्र रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिको वैज्ञानिक महसुल निर्धारण गरिनेछ।

**कला, संस्कृति र परम्परा प्रवर्धन सम्बन्धी नीति**

३८.गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेका आदिवासी, जनजाती ( थारु, मगर, गुरुङ, कुमाल) लगायत अन्य जातीहरुका भाषा,धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

३९.थारु,मगर तथा गुरुङ समुदायसँग सम्बन्धित कला, संस्कृति, भेषभुषा,परिकार आदिको संरक्षण, सम्बर्धन र विकासका लागि होमस्टे, थारु सांस्कृतिक ग्राम विकास, सञ्चालन तथा पर्वद्धन गरिनेछ।

**४०.**गाउँपालिका क्षेत्रभित्र रहेका मन्दिर, मस्जिद, गुम्वा, चर्च, मरुवाथान, सवदाह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

**न्यायिक समिति सञ्चालन सम्बन्धी नीति**

**४१.** न्यायिक समिति मार्फत छिटो छरितो र प्रभावकारी मेलमिलाप तथा विवाद निरुपण प्रक्रिया अपनाउन अनलाइन उजुरी लिने प्रणालीको विकास गरिनेछ।

**४२.**आधारभूत कानूनी शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति**

४३. घटना दर्ता अभिलेखमा वायोमेट्रिक प्रणाली अवलम्बन गरिनेछ।

**४४.** स्थानीय तहमा अति विपन्न परिवार, सुविधाबाट वञ्चित तथा असक्त बेसाहारा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

**आर्थिक विकास सम्बन्धी नीति**

**कृषि विकास नीति**

४५. एक घर एक करेसाबारी, पकेट क्षेत्रमा व्यावसायिक तरकारी" कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै कृषि सहकारी वा निजी क्षेत्रको सहकार्यमा बजारीकरणका लागि संयन्त्र विकास गरिनेछ।

४६. राप्तीको शान उत्पादन वृद्धि गर्ने किसानलाई हाम्रो सम्मान भन्ने कार्यक्रम सञ्चालन गरिनेछ।

४७. कृषि उपज संकलन केन्द्र तथा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याई **"उत्पादन साथमा अनुदान हातमा"** भन्ने अभियानलाई प्रोत्साहन गरिनेछ।

४८. कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण मार्फत रोजगारी र आय वृद्धि गरी कृषिमा आत्मनिर्भर गाउँपालिकाका रुपमा विकास गर्न साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकाभित्रका कृषि योग्य भूमिको पहिचान, वर्गिकरण र संरक्षण गर्दै खेती प्रणालीमा चक्लाबन्दी तथा कृषि सडक विस्तारको नीति अवलम्बन गरिनेछ।

४९. घरदैलोमा प्राविधिक सेवा उत्पादनमा टेवा भन्ने मर्मलाई कार्यान्वयन गर्न प्रदेश सरकार तथा कृषि प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुसँगको साझेदारीमा जनशक्ती परिचालनको नीति अवलम्बन गरिनेछ।

५०. अर्गानीक खेती प्रणालीको विकासका लागि जैविक तथा प्राङ्गारिक मल उद्योगलाई प्रवर्द्धन गरिनेछ। रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ।

५१. प्लाष्टिकजन्य माला तथा फुलहरुको प्रयोगलाई निरुत्साहित गरी स्थानीय पुष्पखेती व्यावसायलाई प्रवर्द्धनमा निरन्तरता प्रदान गरिनेछ। ४० माइक्रोन भन्दा कम मोटाई भएका प्लाष्टिकका झोलाहरुको प्रयोगलाई प्रतिवन्ध लगाइनेछ।

५२. ग्रामिण सहरी अन्तर सम्बन्धको अभिवृद्धि गरी स्थानीय आर्थिक विकासको सूचकाङ्कमा सुधार गरिनेछ।

५३. गाउँपालिका भित्रको माटो परिक्षण कार्यलाई अभियान कै रुपमा सञ्चालन गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमा सम्भाव्य बेमौसमी तरकारी तथा नगदे बाली उत्पादनमा प्रोत्साहन गरी कृषकको आयस्तर बढाई जीवनस्तर सुधार गरिनेछ।

५४. स्वरोजगार हुन चाहने मुक्त कमैया, भूमिहिन, सुकुम्वासी लगायतका विपन्न परिवारलाई लक्षित गरी करार तथा बगर खेती कार्यक्रम निरन्तरता दिइनेछ।

५५. सूचीकरण भएका किसानहरुको परिचयपत्र वितरण गरिनेछ। खाद्य संप्रभुताका लागि कृषिमा रैथाने बिउ संरक्षण र प्रर्वधनको कार्यक्रम गरिनेछ। एकिकृत कृषि विकास रणनीति निर्माण गरिनेछ।

**पशुपन्छी तथा मत्स्य विकास नीति**

५६.स्वस्थकर पशुजन्य उत्पादन ( दुध, अन्डा,माछा, मासु), पशुपन्छी स्वास्थ्य प्रबर्धनका लागि पशुपन्छी उपचारकेन्द्र मार्फत निशुल्क पशु उपचार तथा भ्याक्सीनेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ । दुध, अण्डा र मासुलाई बजारिकरणमा प्राथमिकता भई निर्यात गर्न प्रोत्साहन गरिनेछ। निःशुल्क पशुस्वास्थ्य शिविर मार्फत सेवा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५७. दाङ देउखुरीको बधिया भाले भनेर पहिचान कायम भएको कुखुराको बधिया भाले उत्पादनलाई प्रर्वधन र बजारीकरण गर्दै नयाँ पुस्तालाई प्रविधि हस्तान्तरण गरिनेछ ।

५८.पशुपालन गर्ने कृषकहरुलाई प्रेरित गर्न विभिन्न उन्नत घाँसका बीउ,बहुबर्षिय तथा डाले घाँसका सेट्स तथा बेर्ना बितरण तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ । भौगोलिक सम्भाब्यताका आधारमा पशुपालन पकेटलाई बिस्तार गर्दै बाख्रा स्रोत केन्द्र विकास गर्ने तथा बंगुरपालन लगायतका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

५९.पशुजन्य उत्पादन, प्रवर्धन तथा स्वस्थ मासु वितरण गर्न व्यवस्थित बधशाला, मासु बजार स्थापनाका लागि पहल गरिनेछ । पशुपालन व्यावसायलाई उत्पादनमा आधारित अनुदानका साथै विभिन्न उपकरणहरु सहायताको व्यवस्था गरिनेछ ।

६०.पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई कृषक तथा गाउँपालिकाको साझेदारीमा थप ब्यबस्थित गरी सञ्चालन गरिनेछ ।

६१.मस्त्यपालन व्यवसायमा सहयोग गरिनेछ ।

६२.पशुवृद्धाश्रमलाई रैथाने गाई संरक्षण लगायत बहुउपयोगी आयोजनाको रुपमा सञ्चालन गरिनेछ ।

६३.एकिकृत कृषि तथा पशु सेवा केन्द्र सञ्चालनका लागि संघीय सरकारको सहकार्यमा सञ्चालन गरिनेछ ।

**श्रम, रोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति**

६४.**"राप्तीका युवा र महिला, उद्यमशीलतामा पहिला"** भन्ने मूल नाराका साथ बेरोजगार युवाहरुका लागि सीपयुक्त र स्वरोजगारमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

६५. निजी, सहकारी, गैहसरकारी क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा आन्तरिक रोजगारी सिर्जनामा जोड दिइनेछ ।

६६. साझेदारीमा स्थापना भएको युवा व्यावसाय सेवा केन्द्र (Youth Business incubation service center) लाई युवाहरुको व्यावसाय, उद्यमशीलता, सहजीकरणका लागि आर्थिक तथा प्राविधिक टेवा दिने भरपर्दो र विज्ञ केन्द्रका रुपमा विकास गरिनेछ । सोका लागि विजनेश स्टार्ट अफ फण्डको व्यवस्था गरिनेछ ।

६७. साना तथा मझौला उद्योग सञ्चालकहरुसँग सम्वाद गरी उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि आवश्यक साझेदारी गरिनेछ ।

६८.पालिकाबाट श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति सम्बन्धी भएको कार्यलाई प्रभावकारी र छरितो बनाईनेछ । राप्ती गाउँपालिकाभित्र रहेका मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि पहल गरिनेछ । सीप तथा श्रम बैंक स्थापना गरिनेछ ।

६९.'एक वडा, एक पार्क' वा खुल्ला क्षेत्र निर्माणको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ । प्राकृतिक भ्यू प्वाइन्ट तथा पदमार्ग, साइकिलिङ रुटहरुको पहिचान गर्दै राप्ती भ्यूमार्गसँग अन्तर आवद्धता गराउँदै राप्ती उपत्यका देउखुरीको रमणीय दृष्यावलोकनको गन्तव्यको रुपमा विकास गरिनेछ । साहसी पर्यटनका लागि न्याफटिङ तथा प्यारागलाइडिङ अतिरिक्त अन्य पर्यटकिय पूर्वाधारको विकासमा नीजि क्षेत्रको लगानी आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ । राप्तीको कोशेली प्रर्दशनी कक्ष तथा व्यवस्थित 'कोशेली घर' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७०.गाउँपालिकास्तरिय सहकारीहरुको नियमित तथा सघन अनुगमन मार्फत आम निक्षेपकर्ताहरुको संकल्न भएको पुँजी, कर्जा लगानीको सुरक्षाका लागि कोपोमिस प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७१.पालिकाभित्रका ऐतिहासिक, धार्मिक, पर्यटकिय क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७२.Make in Rapti कार्यक्रमलाई निरन्तरता दिइनेछ । वनमा आधारित उद्योग स्थापनाका लागि सामुदायिक वन र स्थानीय सरोकारवालाहरुको साझेदारी कार्यक्रम सञ्चालन गर्ने  नीति अवलम्बन गरिनेछ ।

७३.अति विपन्न परिवारलाई गर्मी छल्न टिनका छानामा तरकारी फलाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

७४.स्थानीय तथा रैथाने उत्पादनका रुपमा रहेका दुना, टपरी, बाँसका सामग्री र कपडाका झोलाहरु उत्पादन तथा प्रयोगका लागि विशेष अभियान सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५.बैंक,वित्तीय तथा नाफामूलक संस्थाहरुद्धारा प्रदान गरिने सामाजिक उत्तरदायित्वको कार्यलाई पालिकाको समन्वयमा कार्यान्वयन  गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

**सडक, भवन तथा सहरी विकास सम्बन्धी नीति**

७६.पूर्वाधार क्षेत्रको विकास गर्दा लुम्बिनी प्रदेशको राजधानी विकास लागि स्वीकृत भएको गुरुयोजनामा असर नपर्ने  गरी प्रदेश पूर्वाधार विकास प्राधिकरणको सहकार्यमा कार्य सञ्चालन गरिनेछ ।

७७.राजधानी सहरका रुपमा विकास हुँदै गरेको राप्ती गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवन लगायतका संरचनाहरुको दिगो, भुकम्प प्रतिरोधी, अपाङ्गतामैत्री, वातावरण मैत्री, बालमैत्री भवन संरचना निर्माणका लागि गाउँपालिकाबाट भवन निर्माण तथा योजना मापदण्ड २०७५ लाई समयानुकूल परिमार्जन गरी सिघ्र कार्यान्वयनमा ल्याइनेछ । विद्युतिय नक्सा पास प्रणाली सुरु गरिनेछ ।

७८.राप्ती चक्रपथ निर्माण आयोजनाको दक्षिणी खण्ड निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै उत्तर खण्ड संघ तथा प्रदेश सरकारबाट यथास्निघ कार्यान्वयन हुने गरी पहल गरिनेछ ।

७९.राप्ती गाउँपालिका क्षेत्रका विभिन्न वस्तीहरुमा घनावस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

८०.गाउँपालिकाबाट स्वीकृत भएको गाउँपालिकाको सडक यातायात गुरुयोजनालाई प्रदेश गुरुयोजनासँग तादाम्यता गराउँदै परिमार्जन गरी कार्यान्वयन गरिनेछ । हेभि इक्वपमेन्ट प्रयोग हुने तथा जटिल प्रकृतिका (भवन निर्माण, कालोपत्रे, पुल तथा कलभर्ट) जस्ता कार्यहरू लाई विद्युतिय बोलपत्र आह्वान गरी  निर्माण कार्य अगाडि बढाईनेछ ।

८१.राप्ती गाउँपालिकामा रहेका सम्पुर्ण खेतियोग्य जमिनमा सिचाई सेवा पुऱ्याउन पुराना बोरीङहरुको मर्मत सुधार, प्रगन्ना सिचाई आयोजनाको नहरबाट खेतियोग्य जमिनसम्मका सिंचाई नहरहरु निर्माण गर्न पहल गरिनेछ ।

८२.संघ र प्रदेश सरकारको सहकार्यमा पालिकाभित्र विद्युत सब स्टेशन निर्माणका लागि पहल गरिनेछ ।  हालसम्म पनि विद्युत नपुगेका वस्ती तथा टोलमा वैकल्पिक प्रणाली मार्फत "उज्यालो राप्ती कार्यक्रम"  निरन्तरता दिइनेछ ।

८३.दुरी घटाउने सम्बन्ध बढाउने पुलको विकास गरिनेछ ।

८४.उपयुक्त स्थानमा सार्वजनिक नीजि साझेदारीमा अटोभिलेज निर्माण  तथा सञ्चालन कार्य अगाडी बढाईनेछ । निर्मित संरचनाहरुको दिगोपना र आकस्मिक कार्य सञ्चालनका लागि पालिकास्तरिय मर्मत सम्भार कोषलाई निरन्तरता दिनइनेछ ।

८५.पूर्वाधार विकासलाई दिगो तथा विकास आयोजना प्रति जनताको अपन्वत्वबोध गराउन  गाउँपालिका तथा वडा कार्यालयबाट उपभोक्ता समिति/ श्रम सहकारी मार्फत हुने सम्पुर्ण कार्यहरुमा १५ प्रतिशत जनसहभागीता अनिवार्य गरिनेछ ।

८६. उपभोक्ता समिति/ श्रम सहकारीबाट सञ्चालन हुने योजनाको समेत मर्मत सम्भारको कम्तिमा १ वर्षको दायित्व लिने नीति अवलम्बन गरिनेछ । विद्यालय तथा स्वास्थ्य संस्था निर्माण गर्दा समिति मार्फत गरिने कार्यमा जनसहभागी बापत ५ प्रतिशत अनिवार्य गरिनेछ । गाउँपालिकाद्धारा सञ्चालन गरिने पूर्वाधार आयोजनामा कम्तिमा ३० प्रतिशत श्रममूलक कार्य आइटमहरु समावेश गरी स्टक्चर निर्माण कार्य गरिनेछ ।  भालुवाङ बसपार्कको सञ्चालनका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनयेछ ।

**८७.**निर्माण कार्यलाई गुणस्तरीय तथा व्यवस्थित बनाउनका लागि कर्मचारीसहितको ईन्जिनियरीङ प्रयोगशाला सञ्चालन गरी गाउँपालिकाबाट हुने सम्पुर्ण निर्माण कार्यको गुणस्तर परिक्षणको व्यवस्था मिलाईनेछ। खरको छाना भएका घरपरिवारलाई जस्ताको छानामुनी ल्याउन सहयोग गरिनेछ।

**८८.** प्रदेश सरकार तथा अन्य पालिकाहरुसँग सहकार्य गरी विद्युतिय बसको सञ्चालनका लागि पहल गरिनेछ । अटो पार्किङलाई थप व्यवस्थित गरिनेछ।

**८९.**विभिन्न गैरसरकारी संघसंस्थाको साझेदारीमा पूर्वाधार निर्माणको कार्यलाई अगाडि बढाइनेछ । ठूला तथा बृहत उच्च प्रतिफल प्राप्त गर्ने आयोजनामा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ।

**९०.**जनश्रमदानमा आधारित विकास निर्माणमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

**९१.** पालिकाभित्रका गौरवका योजना तथा आयोजनाहरुको कार्यान्वयन गर्दा समानुपातिक विकासका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाबाट गौरवका आयोजना सञ्चालन गर्दा समन्यायिक विकास गरिनेछ।

**सुशासन संस्थागत व्यवस्थापन,सूचना प्रविधि तथा वित्तीय क्षेत्र सम्बन्धी नीति विकास**

९२. राप्ती गाउँपालिकालाई नगरपालिका घोषणा गर्ने प्रक्रिया अगाडी बढाइनेछ।

९३.विषय क्षेत्रगत गुरु योजनाहरु निर्माण गरिनेछ। मध्यमकालीन खर्च संरचनालाई आर्थिक अनुशासन र योजना अनुशासनको कडीका रुपमा उपयोग गरिनेछ। गाउँपालिकाबाट सञ्चालित योजनाहरुलाई प्रभावकारी रुपमा नतिजा सूचक र समयवद्ध रुपमा अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ।

९४.वार्षिक खरिद योजना, गुरु योजना, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सोको नतिजामूलक अनुगमनको कानूनी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षिय बाहेकका आयोजनाहरु वैशाख मसान्तभित्र सम्पन्न गरिने कार्यलाई निरन्तरता गरिनेछ। नयाँ दरबन्दी सिर्जना नगरिने नीति अवलम्बन गरिनेछ।

**९५.मुस्कान सहितको सेवाः** भन्ने मर्मलाई आत्मसात गर्दै सबै प्रकारका समुदाय, तह, क्षेत्र र क्षमता भएका ब्यक्तिलाई समानुपातिक समभावको दृष्टिले सेवा प्रवाह गरिनेछ। गाउँपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिलाई बढावा दिदै टोकन प्रणालीको व्यवस्था गरिनेछ ।

**९६.**सम्पूर्ण सूचना तथा तथ्याङ्कहरुलाई डिजिटल प्रणालीमा आवद्ध गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइनेछ। जनतासँग स्थानीय सरकारको अवधारणा कार्यान्वयन गर्न जनतासँग जनप्रतिनीधि कार्यक्रम, हटलाइन सेवा, हेल्प डेक्स र हेलो राप्ती सरकारलाई व्यवस्थित गरिनेछ।

९७.कार्य सम्पादनलाई जनमैत्री र थप प्रभावकारी बनाउन कार्य सम्पादन करारका उपलब्धीहरुलाई दण्ड र पुरस्कारसँग आवद्ध गरिनेछ। राप्ती गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहितालाई कार्यान्वयन गरिनेछ। जनप्रतिनीधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९८.विद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सूचना दिन मोवाईल एप्सलाई प्रयोगमा ल्याईनेछ।

९९.९९. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको मार्गदशर्नको रुपमा लिइनेछ।

१००. सेवाप्रवाहमा एकद्धार सेवा प्रणाली सुरु गर्दै नतिजामूलक कार्यप्रणालीलाई जोड दिने नीति अवलम्बन गरिनेछ।

१०१. बेरुजुलाई न्यूनिकरणका लागि सार्वजनिक लेखा समिति, आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाइनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ।

१०२. सामाजिक सुरक्षालाई विद्युतिय भुक्तानी प्रणाली मार्फत अझ व्यवस्थित बनाईनेछ।

१०३. ज्येष्ठ नागरिक, राजनीतिक नेतृत्व, पूर्व जनप्रतिनीधि, अवकास प्राप्त राष्ट्रसेवक, प्राध्यापक, शिक्षक, सुरक्षाकर्मी, डाक्टर, राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी लगायतको अनुभव, ज्ञान तथा सीपलाई गाउँपालिकाको विकास र समृद्धिमा उपयोग गरिनेछ।

१०४. २०८७ सालसम्म नेपाललाई  पोषणमैत्री मुलुक घोषणा गर्ने लक्ष्य पुरा गर्न राप्ती गाउँपालिकाले पोषणमैत्री शासनको अवधारणालाई अवलम्बन गरिनेछ।

१०५. राप्ती गाउँपालिकाका बासिन्दाहरुलाई विद्युत महसुल बुझाउन सहज र सुलभ लागत प्रवाह होस भनी राप्ती गाउँपालिकाभित्र विद्युत महसुल लगायतका सेवा प्रवाह गर्न नेपाल विद्युत प्राधिकरणसँग पहल गरिनेछ।

१०६. गाउँपालिकाको पहिचान र सम्मान स्थापित गर्दै असल अभ्यास, अनुभव र स्रोतहरुको साझेदारीलाई प्रवर्धन गर्न राष्ट्रिय, अन्तरराष्ट्रिय तथा पालिकासँग भगेनी सम्बन्ध  कायम गरी सहकार्य गरिनेछ।

१०७. LISA,GESI Audit, FRA, LED तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन सूचकको लक्ष्य प्राप्तीका लागि अन्तर सम्बन्धित विषयका नीतिहरुसँग समाहित गरिनेछ।

१०८. कार्यालयलाई प्रविधिमैत्री बनाउनुका  साथै गाउँपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन (free wifi zone) बनाउने कार्यलाई निरन्तरता दिइनेछ।  पालिकाभित्र सञ्चार क्षेत्रको विकासका लागि गुणस्तरिय उच्च क्षमताको टेलिफोन टावर भूमिगत टेलिफोन तारहरु लगायतका आधुनिक तथा प्रविधिको विकासका लागि पहल गरिनेछ।

१०९. पत्रकारितालाई  सूचना र तथ्यमा आधारित बनाई निश्चित मापदण्ड र आचरणमा पत्रकारिता क्षमता विकास तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११०. सूचना प्रविधि ग्रामको विकासका लागि सञ्चार ग्रामको स्थापना गर्न विशेष पहल गरिनेछ। "विकासका लागि सञ्चार" भन्ने मान्यतालाई आत्मसात् गर्दै पालिका क्षेत्रमा रहेका सञ्चार गृहको विकास र प्रर्वद्धनका लागि समावेशी विज्ञापन प्रणाली लागु गरिनेछ ।

१११. गैरसरकारी संस्थाले पालिकामा सञ्चालन गर्ने कार्यक्रमहरु  पालिकाको आवश्यकता र औचित्यको आधारमा तोकिएको वडा र क्षेत्रमा जाने गरी मात्र  अनुमति दिइनेछ। त्यस्ता संस्थाहरुले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव गाउँसभा हुनुपूर्व पेश गर्ने व्यवस्था मिलाइनेछ। गैरसरकारी संस्थाको अनुगमन नियमनलाई प्रभावकारी बनाई संस्थागत सुशासन कायम गरिनेछ।

**वन, वातावरण, विपद व्यवस्थापन र हरियाली प्रवर्धन सम्बन्धी नीति**

११२. **Green Rapti Clean Rapti** भन्ने नाराका साथ हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान समुदायस्तरसम्म सञ्चालन गरिनेछ। वातावरणमैत्री स्थानीय शासन प्रणाली सम्बन्धी नीतिको अवलम्बन गरिनेछ। सामुदायिक वनमा कम्तिमा एक रिचार्ज पोखरी, रिचार्ज ड्यामहरु निमार्णको निरन्तरताका लागि सामुदायिक वनसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

११३. खाली क्षेत्रहरुमा बाँस,मुज, डालेघाँस, फलफूल, जडिबुटी, खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रुपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ। कृषि तथा कबुलियती वनसँग सहकार्यमा एक वन एक उत्पादन कार्यहरु सञ्चालन गरिनेछ।

११४. स्थानीय नागरिकलाई परिवर्तित जलवायू अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। राप्ती नदी लगायतका राप्ती गाउँपालिकाभित्रका नदी, ताल , पोखरी क्षेत्रका माछा तथा जलचरहरुको संरक्षण तथा नियमनको नीतिलाई निरन्तरता दिइनेछ।

११५. नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमिनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ।

११६. स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गरिनेछ।

११७. आगलागीका घटनाहरु रोकथाम गर्नका लागि दमकलको व्यवस्था गरिनेछ। सडक दुर्घटना न्यूनीकरणको लागि प्रदेश सरकार र समुदाय प्रहरी साझेदारीमा सचेतनामूलक कार्यक्रम, जेब्रा क्रसिङ र ट्राफिक लाइनिङ, भित्री सडकहरुमा निर्माण सामग्री र कृषि उत्पादनका सामग्री राख्न नदिने नीति अवलम्बन गरिने छ।

११८. विपद व्यवस्थापनका लागि एक वडा एक खुला एव सुरक्षित क्षेत्र पहिचान गरिनेछ । उदार, राहत र पुनस्थापनका कार्यहरुमा एकद्धार प्रणाली अवलम्बन गरिनेछ।

**स्थानीय राजस्व परिचालन सम्बन्धी नीति**

११९. हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ।

१२०. घरबहालको अभिलेखलाई व्यवस्थित गर्न वडाको क्षमता विकास गर्दै घरबाहल करलाई समयानुकूल बनाउँदै आगामी आर्थिक वर्ष घरबहाल कर वर्षको अभियान सञ्चालन गरी राजश्वको अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। नियमित र सबै भन्दा धेरै कर तिर्ने करदातालाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

१२१. राप्ती गाउँपालिकाभित्र सञ्चालमा रहेका पसल, उद्योग तथा व्यावसायहरुको प्रभावकारी अनुगमन गरी व्यावसायिक स्वच्छता कायम गरिनेछ। कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ।

१२२. नदीजन्य पदार्थको उत्खन्न तथा व्यवस्थापनका लागि प्रचलित मापदण्ड, संघ प्रदेशका कानून समेतका आधारमा निरन्तरता दिइनेछ।

१२३. स्थानीय कर प्रशासनलाई थप सुदृढ र व्यवस्थित गर्दै राजश्व चुहावट र नियन्त्रणलाई प्रभावकारी तुल्याइनेछ। स्थानीय तहलाई संवैधानिक रुपमा प्राप्त एकल आर्थिक अधिकारको रुपमा रहेको स्थानीय राजश्वको मेरुदण्डको रुपमा सम्पती करलाई कार्यान्वयन गर्न प्रगतीशिल कर प्रणाली अवलम्बन गरिनेछ। स्थानीय तहको राजश्व संकलन तथा परिचालन प्रभावकारी रुपमा गर्न राजश्व सुधार योजनामा उल्लेख भएका विषयलाई क्रमश कार्यान्वयन गरिनेछ।

१२४. यस गाउँपालिकाभित्र सम्वत २०८१ साल जेठ मसान्तसम्म निर्माण भएका घर संरचनाहरुको हालसम्म अभिलेखीकरण नभएकोले एकपटकका लागि अभिलेखीकरण खुल्ला गर्ने र सो भन्दा पछी निर्माण हुने घर तथा संरचनाहरुको हकमा भवन निर्माण तथा योजना मापदण्ड बमोजिम अनिवार्य नक्सा पास गरी संरचना निर्माणको लागि खुल्ला गरिनेछ।

१२५.राप्ती गाउँपालिकाभित्र स्थापना हुने र भएका उद्योगले कम्तिमा २० जना राप्ती गाउँपालिकाबासीलाई प्रत्यक्ष रोजगारी दिने ठूला उद्योग तथा व्यावसायलाई स्थापनादेखि तीन वर्षसम्म व्यावसाय करमा ५० प्रतिशत छुट दिइनेछ।

सभाध्यक्ष महोदय,

पालिकालाई समृद्ध बनाउन गाउँपालिकाबासीको महत्वपूर्ण भूमिका रहन्छ। यो नीति तथा कार्यक्रम सरकारी,राजनीतिक नेतृत्व, गैरसरकारी, नीजि क्षेत्र, सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधरहरुको लागि मार्गचित्र हो। संघ र प्रदेशका सरकारहरु फेरिरहने तर जनताको जीवनस्तर नफेरिने यस्तो चित्र बदल्नका लागि सरकार मालिक होइन, सबैले सुनिने, देखिने र जनताले अनुभूत गर्ने सेवक बन्नुपर्ने आवश्यकता छ। सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा प्रविधिमैत्री बनाई जनतालाई चुस्त र नागरिकमैत्री स्थानीय सरकारको अनुभूति दिलाउन सम्पूर्ण जनप्रतिनीधि तथा राष्ट्रसेवकहरु जिम्मेवार र उत्तरदायी बन्नुपर्दछ। राप्ती गाउँपालिकाको विकासमा योगदान गर्न सक्ने उमेरमा विदेशीनु पर्ने तर वृद्ध अवस्थाको सामाजिक सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने जटिल अवस्था

विद्यमान छ । यो परिस्थितिबाट मुक्ति पाउन स्वदेश मै रोजगारीका अवसर सिर्जना गरी सरकारी तथा निजी क्षेत्रसमेतको सहभागीतामा निरन्तर छलफल र संवाद हुन जरुरी छ ।

राष्ट्रसेवक कर्मचारी, शिक्षकहरुलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी व्यावसायिक, प्रतिस्पर्धी र दक्ष बनाएर मात्र समग्र सार्वजनिक क्षेत्रमा उल्लेख्य उपलब्धि हाँसिल गर्न सकिन्छ । म विश्वास दिलाउन चाहान्छु राप्ती गाउँपालिका हरेक नागरिकलाई लाग्नेछ, स्थानीय सरकार हाम्रो अभिभावक हो, हाम्रो पक्षमा छ, हाम्रा लागि केहि गरिरहेछ । स्थानीय सरकार पाँच वर्षका लागि सुनिश्चित सरकार भएकोले नीतिगत निरन्तरता र अनुभवको उच्च उपयोग हुने सम्भावना छ । स्थायी सरकारसमेतको अनुभव, दक्षतालाई उच्च उपयोग गर्दै प्रभावकारी सरकार कायम गर्न मद्दत मिल्ने देखिन्छ । राष्ट्रसेवकहरुले जुन जिम्मेवारी पाउनु भएको छ, त्यो जिम्मेवारी कुशलतापूर्वक पुरा गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा अमूल्य योग्दान गर्नुहुने राजनीतिक नेतृत्व, सरकारी तथा गैरसरकारी क्षेत्रका व्यक्तित्वहरु विभिन्न संघ, संस्था र संगठनहरु, नीजि, सहकारी क्षेत्र तथा अहोरात्र खट्ने राष्ट्रसेवकहरुको प्रति हार्दिक आभार एवम कृतज्ञतासहित धन्यवाद ज्ञापन गर्दछु । नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत सबै पक्षको सक्रिय सहभागीता रहनेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

प्रकाश बिष्ट<br>
अध्यक्ष<br>
राप्ती गाउँपालिका दाङ<br>
मिति २०८१।०३।३

प्रमाणिकरण गर्ने पदाधिकारीको<br>
नामथरः कमलापती चौधरी<br>
पदः उपाध्यक्ष/सभाध्यक्ष<br>
दस्तखत

ईति संवत २०८१ असार ३ गते रोज २ शुभम् ।